# आ.व. २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट

किस्पाङ गाउँपालिका
नुवाकोट जिल्ला
प्रदेश नं. ३
२०७५

सभाध्यक्ष महोदय,

१. यस किस्पाङ गाउँपालिको आ.ब. २०७५/७६ को बजेट, नीति तथा कार्यक्रम यस सम्मानित गाउँ सभासमक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । नेपाली जनताका लामो संघर्ष, त्याग र बलिदानीपश्चात प्राप्त उपलब्धीको संस्थागत विकास गर्ने क्रममा जारी वर्तमान नेपालको संविधानले स्थानीय सरकारलाई सुम्पिएका कार्यहरु पूरा गर्ने ऐतिहासिक जिम्मेवारी प्राप्त भएको कुरा यहाँहरु सबैलाई विदितै छ । एकातर्फ जनताको विकासको तिब्र इच्छा र चाहना छ भने अर्कोतर्फ भौगोलिक विकटता, श्रोत साधनको सीमितता, पूर्वाधारको कमजोर अवस्था, कर्मचारी अभाव, आवश्यक कानूनी प्रवन्धको अभाव जस्ता समस्याहरु झेल्नुपरेको छ । यी विभिन्न चुनौतीका बावजुद पनि जनताको विकासको चाहनालाई मूर्त रुप दिई राष्ट्र निर्माणमा योगदान गर्ने अवसर पनि प्राप्त भएको छ ।

२. चालु आ.ब. नयाँ संघीय संरचनाअनुसार स्थानीय सरकार संचालनको सुरु बर्ष भएकोले अनुभवविहिन अवस्थामा रहेर बजेट तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दा केही असजिलाहरु भोग्नुपर्‍यो । गाउँपालिकाको कमजोर भौतिक पूर्वाधारको कारण विकास बजेटको अधिकांश रकम पूर्वार्धार निर्माणतर्फ विनियोजन गरिएको थियो । सीमित श्रोतको कारण अन्य सबै क्षेत्र र बर्गलाई बजेटले समेटन सकेको थिएन । बजेट कार्यान्वयनमा जनशक्तिको अभावका साथै क्षमता विकासको कमजोर अवस्थाको कारण समयमा नै अपेक्षित उपलब्धी हासिल गर्न कठिनाई महसुस भएको छ । आन्तरिक राजस्वका श्रोतहरु पहिचान र परिचालन गरी अपेक्षित राजस्व संकलन गर्न सकिएको छैन । सहभागितामूलक विकास प्रक्रिया अवलम्बन गरिएतापनि उपभोक्ता समितिमार्फत गरिएका विकास योजनाका कामहरुमा वास्तविक रुपमा जनश्रमदान परिचालित गर्न सकिएको छैन ।

सभाध्यक्ष महोदय,

उपयुक्त कमजोरी र चुनौतीका बावजुद पनि हामीले संचालन गरेका प्रमुख योजनाहरु कामीडाडा ठण्डापानी डिगाउँ काहुले हेपो साल्मे सडक, काहुले बसपार्क निर्माण, सप्ताङ खोला साल्मे मावि ग्रामीण सडक स्तरोन्नति, विसाङ खोला चोखार सडक स्तरोन्नति, कोल्चेत खेल मैदान निर्माण, भाल्चे हुँदै धादिङको रुविभ्याली जोडने सडक निर्माण जस्ता महत्वपूर्ण र ठुला योजनाहरु सम्पन्न भइसकेका छन । केही योजनाहरु सम्पन्न हुन बाँकी भएता पनि अधिकांश अन्य योजनाहरु सम्पन्न भइसकेका छन ।

३. म चालु आ.ब. २०७४/७५ मा लिइएको क्षेत्रगत नीतिको बारेमा समीक्षा प्रस्तुत गर्न चाहन्छु । चालु आ.ब. मा आर्थिक क्षेत्रमा रु. ९५ लाख विनियोजित गरिएको थियो । उक्त रकम मध्ये कृषि र पशु विकासको लागि रु. ६२ लाख विनियोजन गरिएकोमा कृषि कार्यक्रम अन्तर्गत १० वटा मिनि पावर टेलर वितरण, प्लाष्टिक टनेल वितरण र विरुवा तथा विऊ वितरण लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन । पशु विकास तर्फ औषधी एवं उपकरणहरु खरिद गरी वितरण गरिएको छ भने अधिकांश पूर्वाधार निर्माणका कामहरु सम्पन्न भएका छन । तर आर्थिक विकास तर्फ जनतालाई प्रत्यक्ष लाभ र रोजगारी सृजना गरी आय आर्जन बढाई गरिबी निवारण गर्ने कार्यक्रमहरु ल्याउन जरुरी छ ।

४. सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा मनोरंजन, संस्कृति प्रवर्धन, खेलकुद, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता क्षेत्रहरु समेटिएको छ । यसमध्ये राज्यको सबैभन्दा धैरै लगानी रहेका शिक्षा क्षेत्रमा यस गाउँपालिकामा पनि सबैभन्दा बढी रकम विनियोजित गरिएकोमा अधिकांश शशर्त अनुदानका रकमहरु खर्च भइसकेको छ भने विद्यालय तथा क्याम्पस पूर्वाधार तर्फ रु. ७३ लाख विनियोजन गरिएकोमा अधिकांश विद्यालय पूर्वाधार योजना सम्पन्न भई केही सम्पन्न हुने क्रममा रहेको छ । स्वास्थ्य तर्फ शसर्त अनुदान बाहेक रु. २४ लाख विनियोजन भएकोमा धेर कार्यक्रमहरु सम्पन्न भइसकेको छ । स्वास्थ्य एवं सरसफाईको क्षेत्रमा गाउँपालिकालाई खुला दिशामुक्त क्षेत्र एवं पूर्ण खोपयुक्त घोषणा गरिएको छ । तर पनि गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउने चुनौति रहेको छ ।

५. पूर्वाधार तर्फ सडक, पुल, भवन, उर्जा, विद्युत, संचार क्षेत्र रहेको र यस मध्ये सबैभन्दा धैरै बजेट सडक निर्माण एवं स्तरोन्नतिमा विनियोजित गरिएको थियो भने बाँकी रकम सिंचाई एवं भवन निर्माणमा विनियोजित गरिएको थियो । चालु आ.व. मा ६ करोड ५१ लाख विनियोजन गरिएको थियो ।

६. वातावरण एवं विपद व्यवस्थापनको लागि रु. ४९ लाख विनियोजन गरिएकोमा यस क्षेत्रमा वातावरण संरक्षणमा सहयोग पुग्ने सानातिना पूर्वाधार निर्माणका कार्य बाहेक अन्य उपलब्धी हुन सकेन ।

७. संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ रु. ४९ लाख विनियोजन गरिएकोमा पूँजीगत अनुसन्धान एवं परामर्शमा रु. ३० लाख विनियोजन भइ विभिन्न सडकहरु, सप्ताङ खोलाको पक्की पुल, काहुले बसपार्कको डिपिआर सम्पन्न भएको छ । किस्पाङ नौघडेरी पर्यटकीय क्षेत्रको डिपिआर समेत सम्पन्न भएको छ ।

गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो र प्रविधिमैत्री बनाउन गाउँपालिका लगायत वडा कार्यलयहरुमा द्रुत गतिको इन्टरनेट सेवा जोडन अत्यावश्यक भएको छ ।

सभाध्यक्ष महोदय,

८. म अब आगामी आ.ब. २०७५/७६ को सोच, उदेश्य, नीति, कार्यक्रम, मुख्य मुख्य आयोजना र क्रियाकलापहरु एवं अनुमानित आयव्ययको खाका प्रस्तुत गर्न चाहन्छु ।

९. **विकासको लागि पूर्वाधार, समृद्ध किस्पाङको आधार** भन्ने मुल सोचका साथ भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ । कृषिलाई व्यवसायिक एवं आधुनिकीकरण गर्दै फलफुल तथा तरकारी बालीको उत्पादन बढाउने, जडिबुटि उत्पादन, प्रशोधन एवं निकासीको सम्भावनाको अध्ययन अनुसन्धान गर्ने नीति अवलम्बन गरिनेछ । पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणमा लगानी बढाइनेछ । पर्यटकीय क्षेत्रका प्रचार प्रसार गरिनेछ । सहकारीको विकास एवं प्रवर्धन गरी सहकारीको लगानीलाई उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ । शिक्षा क्षेत्रलाई सुधार गर्न कार्यक्रम बनाई लागू गरिनेछ । व्यवसायिक शिक्षा प्रदान गर्नको लागि आवश्यक पहलकदमी लिइनेछ ।

सभाध्यक्ष महोदय,

१०. उपर्युक्त लक्ष्य र उदेश्यको आधारमा आगामी आ.ब. को अन्त्य सम्ममा पर्यटकीय पूवाधारको निर्माण हुनेछ, जडिबुटि उत्पादन एवं प्रशोधनको सम्भाव्यताको अध्ययन अनुसन्धान हुनेछ, सडक लगायत भौतिक पूर्वाधारको अवस्थामा सुधार हुनेछ । व्यवसाधिक कृषि प्रणालीको सुरुवात हुनेछ । शिक्षा क्षेत्रमा सुधार हुनेछ । नागरिकहरुले निशुल्क र प्रभावकारी स्वास्थ्य सेवा प्राप्त गर्नेछन ।

११. अब म आगामी आ.ब. को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु । सानातिना धेरै योजनाहरु तर्जुमा गर्नुको सट्टा यस गाउँपालिकाले ठुला र महत्वपूण योजनाहरुमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ । वडा भित्रको पूर्वाधार निर्माणमा विशेष प्राथमिकता दिन वडा पूर्वाधार विकास कार्यक्रममा लगानी गरिनेछ । सानातिना सडक निर्माण तथा स्तरोन्नतिमा लगानी गर्नुभन्दा गाउँपालिकास्तरीय ठुला सडकहरुमा लगानी बढाइनेछ । बर्षातले विगारेको बाटोलाई बर्षा सकिएपछि पूर्ण रुपमा सफा गरी हिउँद भरी निर्वाध रुपमा चल्न सक्ने बनाइनेछ । शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, पूर्वाधार जस्ता क्षेत्रलाई बढि प्राथमिकतामा राखिनेछ । ठुला पूर्वाधार निर्माणको कार्यमा संघीय एवं

प्रदेश सरकारको समेत सहयोग र समन्वयमा विकास निर्माणका काम गर्ने नीति अवलम्बन गरिनेछ । विकास निर्माणको काममा नीजि र सहकारी क्षेत्र समेतको सहकार्यको खोजि गरिनेछ । वैदेशिक सहयोगमा समेत योजनाहरु संचालन गर्नको लागि दाताहरुसँग सहयोग र समन्वयको लागि पहल गरिनेछ ।

सभाध्यक्ष महोदय,

१२. यस सम्मानित सभा समक्ष आगामी आ.ब. को क्षेत्रगत नीति एवं आधारहरु प्रस्तुत गर्न चाहन्छु । दिगो, भरपर्दो, व्यवस्थित र वातावरण मैत्री पूर्वाधार निर्माणमा जोड दिदै गाउँपालिका केन्द्रबाट पत्येक वडा केन्द्र जोडने सडकलाई बान्है महिना चल्ने बनाइनेछ । नयाँ सडक ट्र्याक खोल्न प्राथमिकता दिइने छैन । पुराना सडकहरुलाई स्तारोन्नति गरी सुधार गर्न प्राथमिकता दिइनेछ । यस गाउँपालिकाको केन्द्रलाई वडा नं. ४ साल्मेसँग जोडनको लागि सप्ताङ खालामा मोटर चल्ने पुलको डिपिआर पूरा भइसकेकोले उक्त पुल निर्माण कार्य सुरु गर्न आवश्यक पहल गरिनेछ । गाउँपालिका स्तरीय सिंचाई योजना संचालन गर्न पहल गरिनेछ । स्थानीय आवश्यकता अनुसार साना सिंचाई आयोजनाहरुलाई पनि प्रोत्साहन दिइनेछ । राष्ट्रिय भवन संहिता अनुरुप भवन निर्माण कार्य व्यवस्थित गर्न आवश्यक प्रवन्ध मिलाइनेछ । वैकल्पिक उर्जा प्रवर्धन गर्न कार्यक्रमहरु संचालन गरिनेछ । गाउँपालिकाको सबै क्षेत्रभित्र मोवाइल नेटवर्क कभरेजमा सुधार गर्न पहल गरिनेछ । ल्यान्डलाइन टेलिफोन सेवाको संचालन गर्न बन्दोवस्त मिलाइनेछ ।

१३. भौतिक विकास निर्माण कार्य गर्दा वातावरण मैत्री हुने गरी दिगो विकासको अवधारणा अवलम्बन गरिनेछ । मानवीय र प्राकृतिक विपद एवं जोखिम न्युनिकरण गर्न कार्यक्रम सुरुवात गरिनेछ । जलाधार संरक्षण एवं बृक्षारोपण गर्ने नीति अवलम्बन गरिनेछ । स्वच्छ पिउने पानीको प्रवन्ध गर्नको लागि खानेपानी मुहान एवं टयाङकीहरुमा औषधी राख्ने व्यवस्था मिलाइनेछ ।

१४ व्यवसायिक कृषि प्रणालीलाई बढावा दिन तरकारी तथा फलफुल उत्पादनमा अनुदान दिने नीति अवलम्बन गरिनेछ । पर्यटकीय क्षेत्रमा लगानी बढाई पर्यटकीय पूर्वाधारको विकास गरी प्रशस्त आन्तरिक एवं बाहय पर्यटक भित्र्याई आय आर्जन एवं रोजगारी सृजना गर्ने नीतिको अवलम्बन गरिनेछ । सहकारीहरुलाई कृषकको उत्पादनको बजारीकरणको लागि मध्यस्थको भूमिकामा उत्प्रेरित गरिनेछ ।

१५. सामाजिक विकास तर्फ गुणस्तरीय शिक्षाको विकास गर्ने, छरिएर रहेको विद्यालयलाई एकिकृत गर्ने नीति अवलम्बन गरिनेछ । सिकाई पद्धतिमा सुधार गर्न र गाउँपालिकामा प्राविधिक शिक्षालय स्थापना गर्न आवश्यक पहल गरिनेछ । स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गरिनेछ । स्वास्थ्य संस्थाहरुमा औषधी एवं

उपकरणहरुको अभाव हुन दिइनेछैन । स्वास्थ्य संस्थाहरुको रिपोर्टिङ सिस्टममा सुधार गरिनेछ । गाउँघर क्लिनिक, खोप क्लिनिक नियमित संचालन गरिनेछ । महामारी फैलन नदिन पूर्व सावधानी अपनाइनेछ । काहुले स्वा.चौ. मा एमबिबिएस डक्टर ल्याउन पहल गरिनेछ, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य संस्था एवं शैक्षिक संस्थाहरुको अनुगमनलाई तीब्र पारिनेछ । परम्परागत संस्कृतिको प्रवर्धन गर्न कार्यक्रम ल्याइनेछ । खेलकुद विकास तर्फ पनि कार्यक्रम बनाई लागू गरिनेछ ।

१६. संस्थागत विकासमा जोड दिइनेछ, छिटो, छरितो, सर्वसुलभ, र गुणस्तरीय सेवा प्रवाहको व्यवस्था मिलाइनेछ । नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँड, बित्तीय समानीकरण एवं शशर्त अनुदानबाट पाप्त रकमको सदुपयोग गर्दै आन्तरिक आय बढाउने नीति अवलम्बन गरिनेछ । कर्मचारीहरुको क्षमता विकासको लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।

सभाध्यक्ष महोदय,

१७ अब म आगामी आ.ब. को. मुख्य मुख्य आयोजना र क्रियाकलापहरुको बारेमा यस सम्मानित सभासमक्ष अवगत गराउन अनुमती चाहन्छु ।

१८. पर्यटन विकासको लागि किस्पाङ नौघडेरी पर्यटन पूर्वाधार निर्माणमा रु. १ करोड विनियोजन गरेको छु । भाल्चेदेखि गोंगा भन्ज्याङ जोडने सडकको लागि रु. २० लाख विनियोजन गरेको छु । गोंगा भन्ज्याङसम्म बर्षातमा समेत मोटर चल्ने बाटोको रुपमा विकास गरी फुङफुङ झरनाको अवलोकन गर्न र गोंगा भन्ज्याङबाट नजिकको दुरीमा रहेको सिंङ्ला र फिकुरी डाडाँबाट पर्यटकहरुले दृश्यावलोकन गर्न सक्नेछन । कामीडाडा ठण्डापानी डिगाउँ हुँदै च्याम्पेकुतिरी जोडने सडकलाई गाउँपालिकाको सदरमुकामदखि जिल्ला सदरमुकाम लगायत अन्य व्यापारिक केन्द्रलाई जोडने बैकल्पिक मार्गका रुपमा विकास गर्ने लक्ष्य अनुरुप यस सडकलाई रु. १ करोड १० लाख रुपैया विनियोजन गरेको छु । ताक्पाचेत बइराम्राम सडकको लागि रु. ५० लाख विनियोजन गरेको छु ।

१९. क्षैत्रगत बजेट बाँडफाँड तर्फ शशर्त बजट बाहेक कृषि क्षेत्रको लागि रु. ५० लाख, स्वास्थ्य क्षेत्रको लागि रु. ३० लाख, शिक्षा विकास कार्यक्रमको लागि रु. ७० लाख, पशु विकास कार्यक्रमको लागि रु. २० लाख विनियोजन गरेको छु । संस्कृति प्रवर्धन र खेलकुद तर्फ पनि आवश्यक बजेट विनियोजन गरेको छु । त्यसै गरी सहकारी क्षेत्रको विकास एवं सम्बर्धनको लागि विभिन्न कार्यक्रम संचालन गर्न रु. २० लाख विनियोजन गरेको छु । विभिन्न वडाहरुको लागि पूर्वाधार निर्माणको लागि रु. २ करोड विनियोजन गरेको छु ।

२०. अब म आगामी आ.व. २०७५/७६ को अनुमानित व्यय र श्रोत व्यवस्थापनको सम्बन्धमा अवगत गराउन चाहन्छु । आगामी आ.ब. को लागि कार्यालय संचालन तथा उपभोग खर्चको लागि रु. ३ करोड ४४ लाख ७० हजार विनियोजन गरेको छु । यसमा कर्मचारीहरुको दरबन्दी अनुसारको तलब, भत्ता, पोशाक, महगी भत्ता, पदाधिकारीहरुको पारिश्रमिक, संचार खर्च, इन्धन, सवारी साधन भाडा, वडा कार्यालयहरुको खर्च, करार सेवा, अनुगमन इत्यादि खर्चहरु रहेका छन । त्यसैगरी पूँजीगत तर्फ रु. ११ करोड १२ लाख विनियोजन गरेका छ । यस अन्तर्गत कार्यालयमा हुने पुँजिगत खर्च, विषयगत क्षेत्रहरुको बजेट र विकास निर्माणमा खर्च हुने रकम समेटिएको छ । शशर्त अनुदान तर्फ नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रु. १० करोड ९९ लाख ७५ हजार विनियोजित भएको छ । यसमा नेपाल सरकार र प्रदेश सरकारबाट कार्यक्रम सहित प्राप्त शशर्त अनुदानको रकम समावेश गरिएको छ । यसरी कुल व्यय रु. २५ करोड ५६ लाख ४५ हजार रहेको छ ।

२१. उपयुक्त विनियोजित रकममध्ये आन्तरिक राजस्व तर्फ रु २५ लाख उठने अनुमान गरेको छु । राजस्व बाँडफाँडतर्फ नेपाल सरकार र प्रदेश सरकार दुवै बाट गरी रु. ५ करोड ५ लाख १६ हजार प्राप्त हुने अनुमान गरिएको छ । वित्तिय समानीकरण तर्फ नेपाल सरकार र प्रदेश सरकारबाट गरी रु. ६ करोड ७६ लाख ७७ हजार प्राप्त हुने अनुमान गरिएको छ । शशर्त अनुदानतर्फ नेपाल सरकार र प्रदेश सरकारबाट रु. १० करोड ९९ लाख ७५ हजार प्राप्त हुने अनुमान गरिएको छ । यसै गरी जिल्ला समन्वय समितिबाट रु. १ करोड प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी गत बर्षको मौज्दातबाट रु. १ करोड बचत हुने अनुमान गरिएको छ । यो आ.ब. मा रु. २५ करोड ०६ लाख ६८ हजार आय हुने अनुमान गरिएको छ । यस आयभन्दा व्यय बढी भई रु. ४९ लाख ७७ हजार रकम नपुग हुने देखिन्छ । उक्त घाटा बजेट पूर्ति गर्न घर जग्गा रजिष्ट्रेसन शुल्क प्राप्त हुने, आन्तरिक आय बढाउन सकिने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

२२. अन्त्यमा, बजेट निर्माणमा सहयोग गनहुने सम्पूर्ण पदाधिकारीहरु, विभिन्न समितिका सदस्यहरु, कर्मचारीवर्ग लगायत सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछु । बजेट कार्यान्वयनमा यहाँहरु सबैको साथ र सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद